नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्यूरो

बबरमहल,काठमाडौं

## प्रेस विज्ञप्ति-१००

### "विभिन्न मितिमा मानव बेचबिखन तथा ओसारपसार कसूरमा संलग्न ४(चार) जना प्रतिवादीहरु पक्राउ "

**१. वर्ष ३० की वास्ना माया योञ्जन, बकैया गाउँपालिका वडा नं. १२ मकवानपुर।**

**पक्राउ मितिः २०८२/१२/२३ गते।**

**घटना विवरणः-** जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (४९८) लाई ललितपुर ठैबमा बुद्द तामाङले सञ्चालन गरेको खाजाघरमा कुक वेटरको काम लगाईदिने भनी विभिन्न ग्राहकसँग यौनजन्य क्रियाकलाप गर्न लगाएको र उक्त होटल बन्द भए पश्चात जिल्ला ललितपुर हरिसिद्धीमा रहेको "के खानि खाजाघर"मा भाँडा माझ्ने र सरसफाईको काम गर्ने भनी मिति २०८२/०६/२५ गतेवाट काममा लगाई विभिन्न डर त्रास देखाई प्रति ग्राहक रू.५००/- को दरले पैसा दिने भनी आर्थिक प्रलोभनमा समेत पारी जवरजस्ती वेश्यावृत्तिमा लगाई राखेको अवस्थामा मिति २०८२/०८/०१ गते यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले जाहेरवालाको उद्धार गरेको, उक्त कसूरमा संलग्न प्रतिवादी वास्ना माया योञ्जनलाई मिति २०८२/१२/२३ गते काठमाण्डौंबाट पक्राउ गरी सम्मनित ललितपुर जिल्ला अदालतबाट दिन ७ (सात) म्याद थप गरी अनुसन्धान कार्य भईरहेको।

**२. वर्ष २३ को आयुष के.सी., चन्द्रागिरी न.पा.वडा नं.१४ नैकाप, काठमाडौं।**

**पक्राउ मितिः २०८२/१२/२४ गते।**

**घटना विवरणः-** जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (५३५) लाई प्रतिबादी आयुष के.सी.ले HONGKONG मा होटलमा मासिक रु १,००,०००/- हुने वेटरको काममा लगाई दिने प्रलोभनमा पारी जानको लागि लागत खर्च भनी रु ३,००,०००/- रकम लिई मिति २०८२/०९/१३ गते काठमाडौं त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट भारतको दिल्ली, भियतनाम हुँदै कम्बोडिया पुऱ्याई एउटा कम्पनीमा जाहेरवालाको मोवाईल, पासपोर्ट र साथमा रहेको डलर समेत नियन्त्रणमा लिई डर धाक देखाई बन्धक बनाई जवरजस्ती अनलाईन स्क्यामको काममा लगाई राखेको अवस्थामा उक्त कम्पनीमा छापा मारेकोले उक्त स्थानबाट कम्पनी सार्ने क्रममा जाहेरवाला भागी कम्बोडियामा रहेका एक नेपालीको सहयोगमा नेपाल फर्किन सफल भएकोमा संलग्न प्रतिवादी आयुष के.सी.लाई मिति २०८२/१२/२४ गते काठमाण्डौंबाट पक्राउ गरि सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट ५ (पाँच) दिन म्याद थप गरी अनुसन्धान कार्य भईरहेको

**३. वर्ष ५६ की सुष्मा तामाङ, भिमेश्वर न.पा.वडा नं ४ दोलखा**
**र वर्ष ४२ को हरी शम्शेर रायमाझी, थाक्रे गा.पा. वडा नं ७ धादिङ।**
**पक्राउ मिति: २०८२/१२/२४ गते।**

**घटना विवरण:-** जाहेरवालाहरु परिवर्तित नाम २६ बबरमहल (५४२) र (५४३) सहित ५ जना नाबालिका र ३ जना महिलाहरु समेत गरी ८ जना लाई प्रतिवादीहरुले जिल्ला काठमाडौँ कलंकी स्थित ३ वटा कोठा भएको टहरा भाडामा लिई विभिन प्रलोभन तथा डरत्रास देखाई बाध्यतामा पारी टहरामा रहेको ३ वटा कोठामा प्रतिदिन ३/४ जना ग्राहकरुसंग जवरजस्ती शारीरिक सम्पर्क गर्न लगाई वेश्यावृत्तिमा लगाउने कार्य गरेकोमा मिति २०८२/१२/२४ गते ब्यूरोबाट खटिएको टोलीले जाहेरवालाहरु सहित ८ जनाको उद्दार गर्नुका साथै सो कार्यमा संलग्न प्रतिवादीहरुलाई पक्राउ गरी सम्मानित काठमाण्डौँ जिल्ला अदालतबाट दिन ५(पाँच) को म्यादथप भई अनुसन्धान कार्य भई रहेको।

**मिति: २०८२/१२/२५ गते।**
**ने.स.११४६**

**सूचना अधिकारी**
**(राजन लिम्बु)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२९२२०२**